# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७८/०७९
चलानी नं.: ३३३६

मितिः २०७८/१२/११

विषयः **निर्णय प्रतिलिपि पठाइएको ।**

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
नगरपालिका व्यवस्था महाशाखा, सिंहदरवार, काठमाण्डौ ।

**श्री जिल्ला समन्वय समितिको कार्यालय,** काभ्रेपलान्चोक ।

**श्रीमान् प्रमुखज्यू/ उपप्रमुखज्यू,** बनेपा नगर कार्यपालिका ।

**श्री वडा अध्यक्षज्यूहरु सबै,** बनेपा नगर कार्यपालिका ।

**श्री कार्यपालिका सदस्यज्यूहरु सबै,** बनेपा नगर कार्यपालिका ।

**श्री वडा कार्यालयहरु सबै,** बनेपा नगर कार्यपालिका ।

**श्री ... .... शाखा,** बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगर कार्यपालिकाको मिति २०७८/१२/९ गते वसेको वैठकको निर्णयको प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

**कविराज उप्रेती**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ८९

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७८ चैत्र ९ गते वुधबार दिनको २:०० वजे नगर कार्यपालिका कार्यालयको प्रमुख श्री लक्ष्मी नरसिंह वादे श्रेष्ठको अध्यक्षतामा नगर कार्यपालिका (वोर्ड) बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री लक्ष्मी नरसिंह वादे श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री रेखा सापकोटा (दाहाल) | उपस्थिति |
| ३ | सदस्य (वडा नं. १) | श्री पिताम्बर दुलाल | अनुपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री हरिशरण घिमिरे | अनुपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री कृष्ण प्रसाद दाहाल | उपस्थिति |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थिति |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थिति |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री वर्ण शाक्य | उपस्थिति |
| १० | सदस्य (वडा नं. ८) | श्री दानवहादुर मानन्धर | अनुपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री सेरवहादुर सुवाल | अनुपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थिति |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थिति |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थिति |
| १५ | सदस्य (वडा नं. १३) | श्री सुर्यनारायण नापित | अनुपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री गौरी राउत | उपस्थिति |
| १७ | सदस्य | श्री राजनकुमारी श्रेष्ठ | उपस्थिति |
| १८ | सदस्य | श्री उमा बैद्य | उपस्थिति |
| १९ | सदस्य | श्री अम्विका प्रजापती | उपस्थिति |
| २० | सदस्य | श्री प्रमिला पाण्डे | अनुपस्थित |
| २१ | सदस्य | श्री सुरेन्द्र भुजेल | अनुपस्थित |
| २२ | सदस्य | श्री तेजवहादुर दमै | अनुपस्थित |
| २३ | सदस्य | श्री ज्योती वोगटी | उपस्थिति |
| २४ | सदस्य | श्री ईन्दिरा सार्की | उपस्थिति |
| २५ | सचिव | श्री कविराज उप्रेती<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थिति |

छलफलका विषयहरु:

१. वनेपा नगरपालिकाको ४१ औं स्थापना दिवस तयारी सम्वन्धमा ।
२. सडक वोर्ड नेपालको थप रकम विनियोजन सम्वन्धमा ।
३. बाल मैत्री उन्मुख नगर घोषणा गर्ने सम्वन्धमा ।
४. डकुमेन्त्री निर्माण गर्ने सम्वन्धमा ।
५. विशेष वढुवा सम्वन्धी कार्यान्वयन समितिवाट सिफारिस गरीएका कर्मचारीहरुको वढुवा सम्वन्धी ।
६. स्वास्थ्य संस्थाको विनियोजित रकम अनुमोदन सम्वन्धमा ।
७. लघु उद्यमको कार्यक्रम अनुमोदन सम्वन्धमा ।
८. वर्थिङ सेन्टर/ल्याव स्थापनाका लागि स्थान छनौट सम्वन्धमा ।
९. सेवा पदक कार्यविधि संशोधन गर्न समितिको सिफारिस सम्वन्धमा ।
१०. ठुलो गहिरो लामा गाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्वन्धमा ।
११. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजनापास गर्ने सम्वन्धमा ।

१२. विविध ।
क. भक्तेश्वर महादेव संरक्षक समिति वाद्यवाद्यन सामाग्री माग ।
ख. जनजाती उत्थान कार्यक्रम अन्तरगत वजेट रु. १,००,०००।- विनियोजित सम्वन्धमा ।
ग. जनजाती उत्थान कार्यक्रम अन्तरगत वजेट रु. १०,००,०००।- विनियोजित सम्वन्धमा ।
घ. वनेपा वडा नं. ८ वांख्यो दाफा भजन खल: प्रतियोगितामा भाग लिन सहयोग गरेको रकम अनुमोदन सम्वन्धमा ।
ङ. वनेपा प्राथमिक विद्यालय विद्यार्थी पढन स्थानको व्यवस्था सम्वन्धमा ।
च. वनेपा नगरपालिका वडा नं. २ कार्यालयको कम्पाउण्ड वाल निर्माण सम्वन्धमा ।
छ. एम.आइ.एस. अपरेटर श्री अनु मानन्धरवाट कार्यालय समय वाहेक ६ नं. वडा कार्यालयमा कम्प्युटरवाट गर्नु पर्ने कार्य गरे वापत दैनिक खाजा खर्च माग सम्वन्धमा ।
ज. वनेपा वडा नं. ३ वस्ने विशाल वजगांई अल्जेरियामा हुने Jean Pictet Competition भाग लिन जान आ.स. माग सम्वन्धमा ।

## -::निर्णय::-

१. बनेपा नगरपालिकाको ४१ औं स्थापना दिवस यही चैत्र १४ गते भव्यताका साथ सम्पन्न गर्ने सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(१) स्थापना दिवस भव्यताका साथ मनाउन प्रमुख अतिथिका लागि पूर्व सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय गोगुल बाँसकोटालाई अनुरोध गर्ने ।

(२) स्थापना दिवसभव्यताका साथ सम्पन्न गर्न देहाय बमोजिम स्थापना दिवस समारोह आयोजक मूल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

१. नगर प्रमुख बनेपा नगरपालिका - संयोजक

२.	उपप्रमुख, बनेपा नगरपालिका	-सदस्य
३.	चौधै वडाका वडाध्यक्ष, बनेपा नगरपालिका	- सदस्य
४.	कार्यपालिका सदस्य सबै, बनेपा नगरपालिका	-सदस्य
५.	चौधै वडाका वडा सदस्य, बनेपा नगरपालिका	-सदस्य
६.	मान्यता प्राप्त राजनैतिक दलका नगर प्रमुख	-सदस्य
७.	बनेपा नगरपालिका क्षेत्रभित्र कार्यालय रहेका कार्यालय, संघसंस्था, क्याम्पस तथा विद्यालयका प्रमुख तथा प्रधानाध्यापक -सदस्य
८.	मूल समारोह समितिको बैठकमा समितिका संयोजकले आमन्त्रण गरेका समाजसेवी- सदस्य
९.	प्रमुख प्रशासकीय अधिकृत, बनेपा नगरपालिका	-सदस्य सचिव

(३)	स्थापना दिवस भव्यताका साथ सम्पन्न गर्न मूल समारोह समिति अन्तर्गत रहेर कार्य गर्न देहाय बमोजिमका उप समितिहरु गठन गर्ने निर्णय गरियो ।

**क)	रचनात्मक क्रियाकलाप तथा सांस्कृतिक कार्यक्रम व्यवस्थापन उपसमिति र कार्यक्षेत्र:**
**बनेपा नगरपालिकाको पर्व पूजा तथा सांस्कृति समतिको जिम्मेवारीमा रहने ।**

१.	एकचालीसौं स्थापना दिवसका अवसरमा सहभागि हुने झाँकी तथा सांस्कृतिक समूहहरुको अभिलेखिकरण गरी आवश्यक पत्राचार सहितको पूर्वतयारी गर्ने,
२.	समारोहमा सरिकहुने हरेक सांस्कृतिक समूह र प्रदर्शन हुने कार्यक्रमको विवरण तयार गर्ने,
३.	समारोहका सरिकहुने विद्यालय र विद्यार्थी संख्याको एकिन गर्ने,
४.	समारोहमा पुरस्कार प्रदान गर्न सकिने गरी विभिन्न विद्यालयहरुमा हाजिरी जवाफ, निबन्ध प्रतियोगिता वा अन्य सिर्जनात्मक क्रियाकलाप गर्न लगाई सो को विवरण अध्यावधिक गर्ने,
५.	समारोहमा सहभागि हुने सांस्कृतिक समूह, झाँकी तथा विद्यालयका विद्यार्थीहरु कार्यक्रम स्थलमा रहने स्थान र नगरपरिक्रमा क्रम निर्धारण गर्न र्‍याली व्यवस्थापन समितिलाई सहयोग गर्ने,
६.	समारोह स्थलमा प्रदर्शन गरिने सांस्कृतिक कार्यक्रमको खाका तयार गरी सोही अनुसार प्रदर्शनको व्यवस्था मिलाउने

**ख)	सम्मान तथा पदक सिफारिस उप समिति र कार्यक्षेत्र: ( चालीसौं स्थापना दिवसका अवसरमा गठित समितिलाई नै निरन्तरता दिने )**

१.	सम्मान तथा पदक (स्थापना तथा वितरण) कार्यविधि, २०७७ ले प्रबन्ध गरे बमोजिमका सम्मान तथा पदक प्राप्त गर्ने व्यक्तित्वहरुको विवरण तयार गरी मिति २०७८।१२।१० गते भित्रमा कार्यपालिकामा सिफारिस गर्ने ।

२. सम्मान तथा पदक पाउने व्यक्तिहरुको रोष्टर तयार गर्ने,

३. सम्मान तथा पदक वितरणका लागि आवश्यक प्रबन्ध मिलाउने ।

**ग) समारोह स्थल तथा मञ्च व्यवस्थापन उपसमिति देहाय बमोजिमको हुनेछ ।**

| | |
|---|---|
| श्री बलराम अधिकारी, वडाध्यक्ष, बनेपा ५ | -संयोजक |
| श्री रत्न श्रेष्ठ, वडा सचिव, बनेपा ८ | -सदस्य |
| श्री विश्वनाथ भोछिभोया, निरीक्षक, बनेपा नगरपालिका | -सदस्य |
| श्री विक्रम प्रजापती, बनेपा नगरपालिका वडा नं. ८ | -सदस्य |
| श्री मंगलमान प्रजापती, बनेपा नगरपालिका वडा नं. ८ | -सदस्य |
| श्री कृष्ण सुवाल, सवारी चालक, बनेपा नगरपालिका | -सदस्य |
| श्री अमृत पोडे, लाइन मेन, बनेपा नगरपालिका | -सदस्य |

समारोह स्थल तथा मञ्च व्यवस्थापन उपसमितिको कार्य क्षेत्र:

१. एकचालीसौंस्थापना दिवस समारोह बनेपाको ऐतिहासिक लायकु राजमञ्चमा आयोजना गर्न उक्त मञ्चको मर्मत सम्भार गरी रंगरोगन गर्ने,

२. निर्धारण भए बमोजिम मञ्चमा लेख्नु पर्ने परिचय पाटी सहितका विवरण लेख्न लगाउने,

३. समारोह स्थलमा हिलो धुलोको अवस्था नरहने गरी दैनिक पानी छर्कने तथा सरसफाईको कार्य गर्ने गराउने,

४. मञ्च सहितको समारोह स्थल सजाउनका लागि आवश्यक तोरणहरुको व्यवस्था गरी टाँग्ने व्यवस्था मिलाउने,

५. मञ्चमा राख्ने ब्यानर र समारोह स्थलको प्रवेशद्वारमा राख्ने ब्यानरहरुको डिजाइन, प्रकाशन र सम्बन्धित स्थानमा राख्ने व्यवस्था मिलाउने ।

६. प्रमुख अतिथिज्यू लगायतका विशिष्ट अतिथिहरुका लागि उपयुक्त आशनको व्यवस्था गर्ने

७. पोडियमको व्यवस्था गर्ने र सजाउने व्यवस्था मिलाउने,

८. समारोह स्थलमा बस्नका लागि आवश्यक कुर्सीको प्रबन्ध मिलाउने ।

९. कार्यक्रमको समाप्ति पछि सबै सामग्रको उपयुक्त व्यवस्थापन गर्ने ।

**घ) अतिथि सत्कार उपसमितिको गठन देहाय बमोजिम हुनेछ:**

| | |
|---|---|
| श्री लक्ष्मीनरसिंह वादे श्रेष्ठ, प्रमुख, बनेपा नगरपालिका | -संयोजक |
| श्री रेखा सापकोटा दाहाल, उपप्रमुख, बनेपा नगरपालिका | -सदस्य |
| श्री कविराज उप्रेती, प्र.प्र.अ., बनेपा नगरपालिका | -सदस्य |
| श्री रामबहादुर कुँवर, वडाध्यक्ष,बनेपा १२ | -सदस्य |
| श्री ज्योति बोगटी, कार्यपालिका सदस्य, बनेपा नगरपालिका | -सदस्य |

श्री सरिता श्रेष्ठ, न्यायिक समिति सदस्य, बनेपा नगरपालिका - सदस्य

श्री अनु मानन्धर, सामाजिक परिचालक, बनेपा नगरपालिका - सदस्य

अतिथि सत्कार उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ:

१. प्रमुख अतिथि तथा अतिथिहरुको निश्चय गरी विवरण तयार गर्ने,
२. प्रमुख अतिथिका लागि निमन्त्रणा पत्र तयार गर्ने,
३. विशिष्ट अतिथि तथा आमन्त्रित व्यक्तित्वहरु निमन्त्रणाका लागि निमन्त्रणा पत्र तयार गर्ने,
४. निमन्त्रणा पत्र (कार्ड) समयमै वितरणको प्रबन्ध मिलाउने,
५. समारोह स्थलमा रहनुहुने प्रमुख अतिथि तथा विशिष्ठ अतिथिज्यूहरुका लागि बसाईको प्रबन्ध मिलाउने,
६. अतिथिहरुको स्वागतका लागि माला, खादा तथा पुष्प गुच्छाको व्यवस्था मिलाउने,
७. अतिथिहरुका लागि ब्याचको व्यवस्था गरी ब्याच लगाउने प्रबन्ध मिलाउने,
८. प्रमुख अतिथि तथा अतिथिहरु समारोह स्थलमा उपस्थित हुँदा गरिने स्वागतको ढाँचा निर्धारण गरी सोही अनुसार मञ्चमा आशन ग्रहणको व्यवस्था मिलाउने, र
९. प्रमुख अतिथि र विशिष्ठ अतिथिहरुका लागि जलपानको प्रबन्ध मिलाउने ।

**ङ) प्रचार प्रसार उपसमितिको गठन देहाय बमोजिम हुनेछ:**

श्री श्यामसुन्दर श्रेष्ठ, वडाध्यक्ष, बनेपा ४ -संयोजक
श्री चिरञ्जिवी अर्याल, सा.वि.अ., बनेपा नगरपालिका -सदस्य
श्री लक्ष्मण तिमल्सिना, प्रेस सल्लाहकार, बनेपा नगरपालिका -सदस्य
श्री शुरेशकुमार थापा, सूचना प्र. अ., बनेपा नगरपालिका -सदस्य

प्रचार प्रसार उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ:

१. चैत्र १४ गते मनाइने एकचालीसौंस्थापना दिवस भव्यताका साथ मनाउन प्रचार प्रसार गर्ने,
२. स्थापना दिवसका गतिगिधिहरु प्रचार प्रसारका लागि संकलन गर्ने,
३. गतिविधिहरु प्रचार प्रसारका लागि सञ्चार माध्यमहरुमा उपलब्ध गराउने,
४. संयोजक मार्फत संचारकर्मीहरुले राखेका जिज्ञासा समाधान गर्ने प्रबन्ध मिलाउने ,

**च) र्‍याली व्यवस्थापन उपसमितिको गठन देहाय बमोजिम हुनेछ:**

बनेपा नगरपालिकाको पर्व पूजा तथा सांस्कृति समतिको जिम्मेवारीमा रहने ।

न्याली व्यवस्थापन उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

१. समारोहमा सहभागि हुने सांस्कृतिक समूह, झाँकी तथा विद्यालयहरुको विवरण रचनात्मक क्रियाकलाप तथा सांस्कृतिक कार्यक्रम व्यवस्थापन उपसमिति मार्फत प्राप्त गरी समारोह स्थलमा रहनका लागि आवश्यक क्षेत्र निर्धारण गर्ने,
२. नगर परिक्रमा स्थल एकिन गरी गराई सोही अनुसार नगर परिक्रमाका लागि सहभागि सांस्कृतिक समूह, झाँकी तथा विद्यालयहरुको रोष्टर तयार गर्ने,
३. तोकिएको रोष्टर कार्यक्रम सञ्चालकलाई उपलब्ध गराई सोही अनुसार नगर परिक्रमाको प्रबन्ध मिलाउने ।
४. नगर परिक्रमा पछि समारोह स्थलमा बस्नका लागि आवश्यक स्थान एकिन गरी सोही अनुसार रहने बस्ने व्यवस्था मिलाउने ।

**ज) आर्थिक व्यवस्थापन उपसमितिको गठन देहाय बमोजिम हुनेछः**

श्री कविराज उप्रेती, प्रमुख प्रशासकीय अधिकृत, बनेपा नगरपालिका -संयोजक
श्री गौरी राउत, वडाध्यक्ष, बनेपा १४ -सदस्य
श्री निर्मल मुस्याजु, लेखा अधिकृत, बनेपा नगरपालिका -सदस्य

आर्थिक व्यवस्थापन उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

१. एकचालीसौंस्थापना दिवस भव्यताका साथ सम्पन्न गर्न निर्धारित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था गरी खर्च गर्ने प्रबन्ध मिलाउने,
२. समारोहका लागि भएको खर्चको छुट्टै अभिलेख राख्ने ।

**झ) जलपान व्यवस्थापन उपसमितिको गठन देहाय बमोजिम हुनेछः**

श्री कृष्णप्रसाद दाहाल, वडाध्यक्ष, बनेपा ३ -संयोजक
श्री राजनकुमारी श्रेष्ठ, कार्यपालिका सदस्य, -सदस्य
श्री सागर मानन्धर, वडा सदस्य, बनेपा ५ -सदस्य
श्री राजकुमार भालु, वडा सदस्य, बनेपा ५ -सदस्य
श्री जुजुभाई सुद्धकार, प्रशासकीय अधिकृत, बनेपा नगरपालिका-सदस्य
श्री विजया सुवेदी, महिला विकास अधिकृत , बनेपा नगरपालिका-सदस्य
श्री अमिता कर्माचार्य, जिन्सी प्रमुख , बनेपा नगरपालिका -सदस्य
श्री निर्मला कार्की, महिला विकास अधिकृत , बनेपा नगरपालिका-सदस्य
श्री विशालविक्रम कायस्थ, वडा सचिव, बनेपा ९ -सदस्य
श्री नरेन्द्रभक्त पोटे, वडा सचिव, बनेपा ४ -सदस्य
श्री विमला पोटे, सहायक पाँचौ, बनेपा नगरपालिका -सदस्य
श्री रम्भा कायस्थ, सहायक पाँचौ, बनेपा नगरपालिका -सदस्य
श्री कल्पना जोशी, सहायक चौथो, बनेपा नगरपालिका -सदस्य

श्री मंगलमान प्रजापती, बनेपा नगरपालिका -सदस्य

जलपान व्यवस्थापन उपसमितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

१. समारोहमा उपस्थित रहने सहभागिहरुको संख्या एकिन गर्ने,
२. सहभागि संख्याका आधारमा निर्धारित खाजा र पानीको व्यवस्था मिलाउने,
३. समारोहमा उपस्थित हुने सहभागिहरुमा खाजा वितरणका लागि कार्यालयका कर्मचारी, विद्यालयबाट सहभागी हुने विद्यार्थीहरु र अन्य सहभागिहरुका लागि छुट्टाछुट्टै रङ्गका कुपन तयार गरेर राख्ने,
४. नगर परिक्रमा पश्चात उपस्थित सहभागिहरुमा कुपन वितरणको व्यवस्था मिलाउने,
५. समारोहको समाप्ति पछि सबै सहभागिहरुले खाजा लिन सहज हुने गरी खाजाका स्टलहरुको व्यवस्था मिलाउने,
६. समारोह स्थलमा वितरणका लागि आवश्यक पानी बोतल/जारको व्यवस्था मिलाई वितरणको प्रबन्ध मिलाउने,
७. प्रयोग भइसकेका खाजाका प्याकेट तथा पानीका बोतल संकलनको व्यवस्था मिलाई फोहोर ढुवानी गर्ने सवारी साधनमा राख्ने व्यवस्था मिलाउने ।

२. सडक बोर्ड नेपालले चालु आ.व. २०७८।०७९ का लागि निकासा गरेको रकमका सम्बन्धमा छलफल गर्दा उल्लेखित रकम नयाँ योजनाका लागि हो वा साविक योजनाका लागि हो भन्ने विषयमा एकिन गरी नयाँ योजनाका लागि निकासा भएको भएमा आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

३. बनेपा नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने भनि भएको निर्णयका सम्बन्धमा छलफल गर्दा बालमैत्री नगर घोषणका निर्धारित सूचक पुरा भएका वडाहरुको विवरण र प्रगति सूचक सहित आगामी बैठकमा पेश गर्ने ।

४. बनेपा नगरपालिकाको स्थापना दिवसको अवसरमा प्रदर्शन गर्न तथा अभिलेख राख्ने प्रयोजनका लागि डिजिटल डकुमेन्ट्री निर्माण गर्न आवश्यक देखिएकाले सोका लागि उपयुक्त शीर्षकबाट रु. ४,५०,०००। विनियोजन गर्ने निर्णय गरियो ।

५. बनेपा नगरपालिकाको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७८ को दफा ३० ले गरेको कानूनी प्रावधान बमोजिम गठित विशेष बढुवा सम्बन्धी व्यवस्था कार्यान्वयन समितिको मिति २०७८।१२।९ को बैठकबाट भएको सिफारिसका आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) स्थानीय सेवा (गठन तथा सञ्चालन) एने, २०७८ को दफा ३० को उपदफा (१) को खण्ड (क) बमोजिम हालको पदमा नियुक्ति भएको मितिले ५ वर्ष सेवा अवधि पुगेका र

समायोजन हुने पद भन्दा एक तह मुनीको पदका लागि आवश्यक शैक्षिक योग्यता भएका तपसिलमा उल्लेखित कर्मचारीका हकमा एक तह माथिको पदमा बढुवा गर्ने ।

| क्र.सं. | नाम थर | हालको पद | हालको पदमा नियुक्ति मिति | उपल्लो शैक्षिक योग्यता | बढुवा हुने तह र पद | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | तह | पद | |
| १ | ध्रुवराज नेपाल | अधिकृत सातौं | २०६७/०७/१० | एम ए, विएल, विएड ( स्नातकोत्तर) | अधिकृत आठौं तह | अधिकृत आठौं तह | |
| २ | निर्मल मुस्याजु | लेखा अधिकृत | २०६७/०७/१० | स्तानक तह ( विए) | अधिकृत सातौं तह | लेखा अधिकृत | |
| ३ | श्याम कृष्ण त्रिपाठी | कानुन अधिकृत | २०६७/०७/१० | एम ए ( स्नातकोत्तर) | अधिकृत सातौं तह | अधिकृत सातौं तह | |
| ४ | रम्बा कायष्थ | सहायक पाँचौ | २०७३/०७/१० | प्रविणता प्रमाणपत्र तह | अधिकृत छैठौं | अधिकृत छैठौं | |
| ५ | विशाल विक्रम कायस्थ | सहायक पाँचौ | २०६८/०८/१५ | प्रविणता प्रमाणपत्र तह | अधिकृत छैठौं | अधिकृत छैठौं | |
| ६ | महेन्द्र कारंजित | सहायक पाँचौ | २०७३/०७/१० | प्रविणता प्रमाणपत्र तह | अधिकृत छैठौं | वडा सचिव | |
| ७ | सुवास रजिंत | सहायक चौथो | २०६७/०१/०१ | प्रविणता प्रमाणपत्र तह | सहायक पाँचौ | साविक | |
| ८ | श्याम भक्त प्रधान | सहायक चौथो | २०६७/०१/०१ | एस.एल.सि | सहायक पाँचौ | साविक | |
| ९ | रत्न श्रेष्ठ | सहायक चौथो | २०६७/०१/०१ | प्रविणता प्रमाणपत्र तह | सहायक पाँचौ | साविक | |
| १० | सोकुल डंगोल | सहायक चौथो | २०६७/०१/०१ | एस.एल.सि | सहायक पाँचौ | साविक | |
| ११ | अनोज पोटे | सहायक चौथो | २०६७/०१/०१ | प्रविणता प्रमाणपत्र तह | सहायक पाँचौ | साविक | |
| १२ | विश्वनाथ भोछिभोया | सहायक चौथो | २०६७/०१/०१ | एस.एल.सि | सहायक पाँचौ | साविक | |

| क्र. सं. | नाम थर | हालको पद | हालको पदमा नियुक्ति मिति | उपल्लो शैक्षिक योग्यता | बढुवा हुने तह र पद | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | तह | पद | |
| १३ | हरिगोपाल मानन्धर | सहायक चौथो | २०६७/०१/०१ | स्नातक तह | सहायक पाँचौ | साविक | |
| १४ | विष्णु प्रसाद सुवाल | सहायक चौथो | २०६३/०३/२६ | एस.एल.सि | सहायक पाँचौ | साविक | |
| १५ | विष्णु बहादुर अधिकारी | सहायक चौथो | २०६३/०३/२६ | एस.एल.सि | सहायक पाँचौ | साविक | |
| १६ | सत्यजित भैल | सहायक चौथो | २०६७/०१/०१ | प्रविणता प्रमाणपत्र तह | सहायक पाँचौ | साविक | |
| १७ | कृष्ण श्रेष्ठ | सहायक चौथो | २०६७/०१/०१ | प्रविणता प्रमाणपत्र तह | सहायक पाँचौ | साविक | |
| १८ | केदार ढकाल | सहायक चौथो | २०६३/०३/२६ | एस.एल.सि ( निर्माण खानेपानी तथा सिचाई डिप्लोमा) | सहायक पाँचौ | साविक | |
| १९ | बावुकाजी रंजित | सहायक चौथो | २०६३/०३/२६ | एस.एल.सि ( सब ओवरसियर सिविल) | सहायक पाँचौ | साविक | |
| २० | लक्ष्मी जगंम | सहायक चौथो | २०६५/१०/०४ | एस.एल.सि | सहायक पाँचौ | साविक | |
| २१ | राजु खत्री | सहायक चौथो | २०६७/०१/०१ | प्रविणता प्रमाणपत्र तह | सहायक पाँचौ | साविक | |
| २२ | रजनी श्रेष्ठ | सहायक चौथो | २०६४/०१/०१ | प्रविणता प्रमाणपत्र तह | सहायक पाँचौ | साविक | |

(ख) स्थानीय सेवा (गठन तथा सञ्चालन) एने, २०७८ को दफा ३० को उपदफा (१) खण्ड (ख) ले गरेको कानूनी व्यवस्था बमोजिम दफा ३० को उपदफा (१) को खण्ड (क) बमोजिम योग्यता नपुगेका तपसिलमा उल्लेखित कर्मचारीका हकमा खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप गर्ने ।

| क्र. | नाम थर | हालको | हालको पदमा | उपल्लो | दुई ग्रेड थप | कैफियत |
|---|---|---|---|---|---|---|

| सं. | | पद | नियुक्ति मिति | शैक्षिक योग्यता | तह | पद | |
|---|---|---|---|---|---|---|---|
| १ | सुरेश कुमार श्रेष्ठ | अधिकृत छैठौ | २०५१।५।१ | प्रविणता प्रमाणपत्र तह | अधिकृत छैठौं | साविक | |
| २ | जुजुभाई सुद्धकार | अधिकृत छैठौ | २०६९।७।२० | प्लस टु उतीर्ण | अधिकृत छैठौं | साविक | |
| ३ | चिरञ्जिवी अर्याल | अधिकृत छैठौ | २०७१।६।२ | प्रविणता प्रमाणपत्र तह | अधिकृत छैठौं | साविक | |
| ४ | जय प्रसाद मानन्धर | अधिकृत छैठौ | २०७१।६।२ | प्रविणता प्रमाणपत्र तह | अधिकृत छैठौं | साविक | |
| ५ | सिर्मल मुस्याजु | अधिकृत छैठौ | २०७१।६।२ | प्रविणता प्रमाणपत्र तह | अधिकृत छैठौं | साविक | |
| ६ | राम सुन्दर वादे | सहायक पाँचौ | २०५८।२।४ | एसएलसी ए इ | सहायकपाँचौ | साविक | |
| ७ | अमिता कर्मचार्य | सहायक पाँचौ | २०६७/०७/१० | एस.एल.सि | सहायकपाँचौ | साविक | |
| ८ | विमला पोते | सहायक पाँचौ | २०६७/०७/१० | एस.एल.सि | सहायकपाँचौ | साविक | |
| ९ | नरेन्द्र भक्त पोटे | सहायक पाँचौ | २०६७/०७/१० | एस.एल.सि | सहायकपाँचौ | साविक | |
| १० | किरण काजी श्रेष्ठ | सहायक पाँचौ | २०६७/०७/१० | एस.एल.सि | सहायकपाँचौ | साविक | |
| ११ | रुपेन्द्र अधिकारी | सहायक पाँचौ | २०६८।८।१५ | टि एस.एल.सि | सहायकपाँचौ | साविक | |
| १२ | शिव प्रसाद न्यौपाने | सहायक पाँचौ | २०६७/०७/१० | एस.एल.सि | सहायकपाँचौ | साविक | |
| १३ | रामनाथ कायस्थ | सहायक पाँचौ | २०६९।७।२० | एस.एल.सि | सहायकपाँचौ | साविक | |
| १४ | दिपक नेपाल | सहायक चौथो | २०६७/०१/०१ | दशम कक्षा उतीर्ण | सहायक चौथो | साविक | |

६. यस नगरपालिका अन्तर्गत गत आ.व. मा निर्माण कार्य सुरुभई अधुरोध रहेका स्वास्थ्य संस्था भवन निर्माणका लागि मिति २०७८।१२।१ मा विनियोजन गरिएको रु. १,५१,३७,७२१। अनुमोदन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिका अन्तर्गत सञ्चालित गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालनार्थ चालु आ.व. २०७८।०७९ का लागि विनियोजित सशर्त तर्फको रकमबाट कार्यक्रम सञ्चालन गर्न उद्यम विकास समितिको मिति २०७८।११।४ को बैठकबाट भएका निर्णय बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

८. बनेपा नगरपालिका क्षेत्रभित्र प्रयोगशाला सहितको बर्थिङ सेन्टर स्थापनाका लागि स्थान छनौट गर्ने सम्बन्धमा छलफल हुँदा बनेपा नगरपालिका वडा नं. ४ मा उल्लेखित बमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

९. बनेपा नगरपालिकाको सम्मान तथा पदक (स्थापना तथा वितरण) सम्बन्धी कार्यविधि, २०७७ बमोजिम यस वर्ष मनाइने नगरपालिका स्थापना दिवसका अवसरमा सम्मान तथा पदक प्रदान गर्ने प्रयोजनका लागि नगर प्रमुखज्यूको अध्यक्षतामा मिति २०७८।१२।८ मा बसेको बैठकबाट सिफारिस भए बमोजिम देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(१) बनेपा नगरपालिकाको सम्मान तथा पदक (स्थापना तथा वितरण) सम्बन्धी कार्यविधि, २०७७ मा देहाय बमोजिम संसोधन गर्ने ।

(क) कार्यविधिको दफा ३ को देहाय (ग) को क्र.सं. (३) मा रहेको *बनेपा रत्न सम्मान* भन्ने वाक्यांशमा रहेको रत्न शब्द संसोधन गरी **तारा**शब्द बनाउने ।

(ख) कार्यविधिको दफा ४ को देहाय (ख) मा रहेको *बनेपा सेवा पदक* भन्ने वाक्यांश संसोधन गरी **बनेपा विशिष्ट सेवा पदक** हुने गरी संसोधन गर्ने । साथै कार्यविधिको दफा ४ को देहाय (ख) अन्तर्गत परेका बनेपा सेवा पदक भन्ने वाक्यांशमा बनेपा विशिष्ठ सेवा पदक हुने गरी संसोधन गर्ने ।

(ग) कार्यविधिको दफा ४ को देहाय (ख) पछि तपसिल बमोजिम देहाय (ग) थप्ने ।

(घ) **बनेपा सेवा पदक:**(१) बनेपा नगरपालिकाबाट नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुमा प्रदान गर्न सकिने यो पदक कर्मचारीले प्राप्त गर्ने पदकहरु मध्ये दोस्रो उच्च श्रेणीको पदक हुनेछ ।

(१) बनेपा सेवा पदक प्रदान गर्न देहाय बमोजिमको अलंकार निर्माण गरी प्रदान गरिने छ ।

१. २.५ इन्च  ब्यास भएको ३ तोला तामाबाट बन्ने यस अलंकारको पृष्ठभूमिको विचमा पितल रंगबाट बनेपा नगरपालिकाको प्रतिक चिन्ह अंकित हुनेछ ।विचमा रहेन प्रतिक चिन्हको व्यास १.५ इन्चको हुनेछ ।

३. विचमा रहने प्रतिक चिन्हलाई अघ्लो आकृति दिइने छ ।

४. सम्मान अलंकारको बाहिरी घेरामा १४ वडाको प्रतिनिधित्व रहने गरी चौध वटा कोण रहनेछन् ।

५. भित्रिभागमा रहने प्रतिक चिन्ह भन्दा तल्लो भागमा बनेपा सेवा पदक भन्ने शब्द अर्ध गोलाकार आकारमा लेखिने छ।

६. अलंकार छातिमा झुण्ड्याउन मिल्ने गरी डिजाइन हुनेछ ।

७. अलंकारको पृष्ठ भागको माथिल्लो खण्डमा बनेपा नगरपालिका, बनेपा-काभ्रेपलाञ्चोक र तल्लो खण्डमा बनेपा, काभ्रेपलाञ्चोक अंकित हुनेछ ।

(२) बनेपा सेवा पदकका लागि बनेपा नगरपालिकाको कार्यपालिकाले सम्बन्धित वर्षको फागुन मसान्तसम्ममा अविच्छिन्न पन्ध्र वर्ष स्थायी सेवा अवधि पुगेका नगरपालिकामा कार्यरत वा समायोजन भई आएका कर्मचारीको विवरण हरेक वर्ष चैत्र सात गते भित्र स्वीकृत गर्नेछ ।

(३) बनेपा सेवा पदक हरेक वर्ष नगरपालिका स्थापना दिवसका दिन प्रदान गरिने छ । तर कुनै वर्ष कुनै कर्मचारी नभएको अवस्थामा यो सम्मान प्रदान गर्न बाध्य भएको मानिने छैन ।

(२) सम्मान तथा पदक (स्थापना तथा वितरण) सम्बन्धी कार्यविधि, २०७७ बमोजिम यस वर्षका लागि कार्यविधिको दफा ३ को देहाय (ग) ले व्यवस्था गरे बमोजिमको बनेपा तारा सम्मान देहाय बमोजिमका व्यक्तित्वलाई प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | ठेगाना | विशिष्ठ योगदान क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ज्ञानकाजी मानन्धर | बनेपा-८ | बनेपाको संस्कृतिको अध्ययन र प्रकाशन मार्फत बनेपाको नाम उजागर गरेको | |
| २ | श्री मोहन दुवाल | बनेपा-८ | साहित्य सिर्जना र प्रकाशन मार्फत बनेपाको नाम उजागर गरेको | |

(३) बनेपा नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा सेवारत रही वर्तमान जनप्रतिनिधि निर्वाचित भएको अवधि अर्थात २०७४ साल वैशाख १ गते उप्रान्त अवकाश हुनुहुने सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुलाई दोसल्ला र सम्मानपत्रका साथ सम्मानित गर्ने ।

१०. ठुलो गहिरो लामा गाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बनेपा ९ दर्ताका लागि परेको निवेदन उपर छलफल गर्दा उक्त उपभोक्ता समितिले कार्यविधि बमोजिमका प्रक्रिया पुरा गरेको देखिएकोले दर्ता गरी प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो ।

११. चालु आ.व. २०७८।०७८ का लागि प्रधान मन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गर्नका लागि पेश भएका तपसिल बमोजिमका योजना स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र .सं. | वडानं | योजनाकोनाम | लागतइष्टिमेट |
|---|---|---|---|
| १ | ३ | घट्ट देखि सुमारार वडा कार्यालय देखि काक्रे बिरौटा नाली सरसफाई | १६३८५६ |
| २ | ३ | एकता मार्ग सडकको काम भैसकेको चोकेका उराच□र देखि ड्रेन सरिफाइ | ८५००० |
| ३ | ३ | च□तारा गणेश चोक ड्रेन सरिफाइ | ८५००० |
| ४ | | गोल्छ देखि घट्टसम्म र घट्टदेखि काक्रे काशी भन्ज्यांग सम्मको नाली सरसफाई | १८७१८८ |
| ५ | ३ | वडाकार्यालय अगाडी चौतारा निर्माण | १११८९४ |
| ६ | ३ | शेरा आकाश देवी हुदै ड्रेन सरसफाई | ३४०००० |
| ७ | ४ | शेर रामेस्वोर मार्ग ड्रेन सरसफाई | १४०००० |
| ८ | ४ | करुणामाई हुदै डुडा मुख ड्रेन सरसफाई | २५८५२२ |
| ९ | ४ | वडाकार्यालय रेडक्रस हुदै गुम्बा सरसफाई | १९१५२० |
| १० | ४ | नेपाली टोल देखि ब्रहम्याणी ढल सरसफाई | ७६६०८ |
| ११ | ४ | परियार टोले ठाडो बाटो ड्रेन सरसफाई | ४३००० |
| १२ | ४ | डाडा गाउँ रिचार्ज पोखरी निर्माण (क) | २०५३१९ |
| १३ | ६ | सिम गहिरो रिचार्ज पोखरी निर्माण | १८०००० |
| १४ | ६ | डाडा गाउँ रिचार्ज पोखरी निर्माण (ख) | २०५३१९ |
| १५ | ६ | चल्ने ढुंगाचौर निर्माण कार्य | ४७८८०० |
| १६ | ६ | पाचकन्या बाटो निर्माण योजना | २३४६१२ |
| १७ | ६ | कंगालगाउँ , थापागाउँ खोला र सगरग्यास बाटोको कुलो सरसफाई | १२३३०२.४ |
| १८ | १० | पाचकन्या मन्दिर र समुदायिक भवन प्रांगण निर्माण | ७५५७५ |
| १९ | १० | समुदायिक भवन भत्काउने कार्य | १८४६४३ |
| २० | १० | बृहत खानेपानी योजना अन्तर्गत एक एकधारा वितरण कार्य कोला गिखाल्डो खन्ने योजना | १३५००० |
| २१ | १० | समुदायिक भवन निर्माण गर्ने कार्य | ४३५००० |
| २२ | १० | बृहत खानेपानी पाइपलाईन खन्ने कार्य | ३६९३६० |
| २३ | १४ | बाटो खाल्टो पुर्ने | ५५००० |

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| क्र .सं. | वडानं | योजनाकोनाम | लागतइष्टिमेट |
|---|---|---|---|
| | | जम्मा | ४३,६४,५१८। |

१२. यस नगरपालिकाको आ.व. २०७७०७८ मा स्वीकृत भई कार्यान्वयन भएका तपसिलमा उल्लेखित योजनाहरु सम्पन्न भई भुक्तानी माग गरेका सम्बन्धमा छलफल गर्दा सकिएको म्याद थप गरी भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | माथिल्लो डाँडा भुत्तेढुङ्गा पक्की पुल निर्माण | बनेपा ११ | ३,००,०००। | |
| २ | टुपिचा टोल भजन पाटी | बनेपा ४ | २,००,०००। | |
| ३ | गंसटोल पाटी | बनेपा ४ | ४,७६,०००। | |
| ४ | बस्नेत गाउँ जानेबाटो स्तरोन्नती | बनेपा ५ | ५,००,०००। | |
| ५ | मच्छेटोल पाटी निर्माण | बनेपा ४ | २,००,०००। | |
| ६ | भञ्ज्याङ्ग खानेपानी, गल्फु विनायक | बनेपा १ | ७,६७,०००। | डिप बोरिङ |
| ७ | कम्पाउण्डवाल र भञ्याङ्ग छोप्ने योजना | बनेपा २ | ७,४८,०००। | |
| ८ | चण्डेश्वरी सिढी प्रवेशद्वार (गेट) निर्माण | बनेपा ५ | ६,८२,०००। | |

१३. सडक बोर्ड नेपालबाट स्वीकृत तपसिलका योजनाहरुको भुक्तानी दिने ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विकटेश्वर हुँदै टौडोल सडक ग्राभेल | बनेपा १४ | ७,४२,९९३। | |
| २ | विद्युत प्राधिकरणबाट पुलबजार सम्मको सडक कालोपत्रे | बनेपा ८ | ६१,४५,१२७६० | |

१४. तसिलका योजनाहरुको देहाय बमोजिम रकमान्तर तथा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविक योजनाको नाम | रकमान्तर गरिने योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उग्रतारा पम्पबाट भक्तेश्वर मार्ग सडक निर्माण, बनेपा ७ | धनेश्वर सहायक मार्ग स्तरोन्नती, बनेपा ७ | ४,००,०००। | |

| क्र.सं. | साविक योजनाको नाम | रकमान्तर गरिने योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| २ | भञ्ज्याङ्ग देवीस्थान मोटरबाटो स्तरोन्नती, बनेपा १ | यादवको पसल पिपलबोट अमलडोल सडक स्तरोन्नती, बनेपा १ | १,००,०००। | |
| ३ | साँगा बजार तल्लो ढुंगेधारा ट्याङ्की निर्माण, बनेपा १३ | साँगा अधुरो पुरानो बाटो निर्माण (प्रमोद प्रधानको घर अगाडी), बनेपा १३ | २,५०,०००। | |
| ४ | बँधुवा खाँदा खानेपानी योजना, बनेपा ३ | चिलाउने गैरो बि.क. टोल खानेपानी योजना, बनेपा ३ | ५०,०००। | जम्मा १ लाख |
| ५ | नन्दादेवी खानेपानी योजना, बनेपा ३ | | ५०,०००। | |
| ६ | सेतोपाटी बाट अरनिको राजमार्ग जोडिने पुरानो बाटो स्तरोन्नती, बनेपा १० | | ५,००,०००। | उपयुक्त शीर्षकबाट |

१५. पर्यटन विकास तर्फ विनियोजित रकम रु. १ करोड २७ लाख मध्ये तपसिल बमोजिमका शीर्षकमा विनियोजन गरिएको रकम रु. ९२,००,०००। अनुमोदन गरी बाँकी हुन आउने रकम रु. ३५,००,०००। रकम तपसिलका योजनामा विनियोजन गर्ने निर्णय गरियो ।

पर्यटन तर्फ विनियोजित कार्यक्रमहरु

| क्र.सं. | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | मगर गाउँमा बुद्ध पार्क निर्माण, बनेपा ९ | ४०,००,०००। | |
| २ | ऐतिहासिक गढी संरक्षण, बनेपा ३ | १०,००,०००। | |
| ३ | बासुकी संरक्षण, बनेपा ३ | १०,००,०००। | |
| ४ | पञ्चेश्वरी मन्दीर संरक्षण, बनेपा ४ | ७,००,०००। | |
| ५ | भुँइचाले डाँडामा सिंढी निर्माण, बनेपा ४ | ५,००,०००। | |
| ६ | चप्लेटी सेल्फि डाँडा विकास, बनेपा ५ | ५,००,०००। | |
| ७ | भगवती मन्दीर संरक्षण, बनेपा १ | ५,००,०००। | |
| ८ | नगरकोट प्रवेशद्वार (गेट) निर्माण, बनेपा २ | १०,००,०००। | |
| जम्मा | | ९२,००,०००। | |

बाँकी रकम विनियोजन गरिएका कार्यक्रमहरु

| क्र.सं. | योजना/ कार्यक्रमको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | राधाकृष्ण मन्दिर स्तरोन्नती | २ | २,००,०००। | |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | योजना/ कार्यक्रमको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| २ | सानो खोला कल्भर्ट निर्माण | २ | ६,००,०००। | |
| ३ | बाँसा झयाङ नन्देढुङ्गा पक्की नाली अपुग | २ | १,५०,०००। | |
| ४ | किरियापुत्री घर निर्माण | ३ | ५०,०००। | |
| ५ | भिमसेन मार्ग अर्जुनको घर अगाडि मेशिनरी वाल निर्माण | ३ | १,००,०००। | |
| ६ | पराजुली टोलमा बाटो स्तरोन्नती | ३ | २,००,०००। | |
| ७ | शुभचामुण्डा देवीस्थानमा प्रवेशद्वार निर्माण | ३ | २,००,०००। | |
| ८ | राधा कृष्ण मन्दिर काके मर्मत | ३ | १,००,०००। | |
| ९ | जलेश्वर मार्गमा ढुङ्गा छाप्ने | ५ | १,५०,०००। | |
| १० | पोलिटेक्निक इन्स्टिच्युट खेलमैदान मर्मत | ५ | ४,००,०००। | |
| ११ | राधाकृष्ण मन्दिर संरक्षण | १० | १,५०,०००। | |
| १२ | दलित बस्तीमा रेलिङ निर्माण | १० | १,००,०००। | |
| १३ | ठुलो खोला महादेव मन्दिर संरक्षण | १२ | १,००,०००। | |
| १४ | मगर गाउँ ट्रस्ट निर्माण | ५ र ९ | ८०,०००। | |
| १५ | कालिन्चोक मन्दिर संरक्षण | १३ | ४,००,०००। | |
| १६ | पुरानो डबली जीर्णोद्धार | १३ | १,५०,०००। | |
| १७ | प्रहरी विद्यालय अगाडी ढल व्यवस्थापन | १३ | १,००,०००। | |
| १८ | सेतीदेवी राहुल डाँडा मन्दिर संरक्षण थप रकम | १३ | १,००,०००। | |
| १९ | लालमोहर भजन | १३ | १,००,०००। | |
| २० | काभ्रे बहिरा विकास संघ, बनेपा- सीप विकास कार्यक्रम सञ्चालन सहयोग | | २५,०००। | |
| **जम्मा** | | | ३४,५०,०००। | |

१६. यस नगरपालिकाको पर्व, पूजा, संस्कृति तथा ऐतिहासिक स्थल संरक्षण तथा प्रवर्धन समितिका संयोजक श्री मोहन तौजलेले विदाको दिन र कार्यालय समय बाहेकको समयमा समेत उपस्थित भई पर्व पूजा तथा संस्कृति संरक्षण र जात्रा पूजा सञ्चालनका लागि खटेर काम गरिरहेको हुँदा

निजलाई मिति २०७८ साल मंशिर १ गते देखि लागु हुने गरी माशिक रु. १५,०००। हजारका दरले सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१७. बनेपा नगरपालिका वडा नं. ६ का वडा सचिव प्रसुती विदामा रहेकाले वडाको दैनिक कार्य सञ्चालनमा सहयोग गर्नयस कार्यालयमा एमआइएस अपरेटरका रुपमा खटि आउनु भएका श्री अनु मानन्धरलाई थप जिम्मेवारी दिइएको हुँदा अर्को व्यवस्था नभएसम्म मिति २०७८ साल चैत्र १ गतेबाट लागु हुने गरी निजलाई खाजा खर्च बापत माशिक रु. ३,०००। उपलब्ध गराउने निर्णय गरियो ।

१८. बनेपा नगरपालिका वडा नं. ११ स्थित धनेश्वर मन्दिरका पुजाहारीलाई मिति २०७८ साल चैत्र १ गतेबाट लागुहुने गरी माशिक रु. ५,०००। सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१९. वांख्यो दाफा भजन समूहलाई निकासा भएको रकम रु. ६५,०००। अनुमोदन गरियो ।

२०. बनेपा नगरपालिका वडा नं. ६ स्थित भक्तेश्वर मन्दिर भजन समूहका लागि बाध्यबादन खरिद गर्न रु. ३०,०००। उपलब्ध गराउने ।

२१. वनेपा नगरपालिकामा परम्परा देखि संचालन भई आएको राम भजन मण्डललाई मासिक रु. ५,०००।- दरले उपलव्ध गराउने ।

२२. बनेपा नगरपालिका वडा नं. ३ बस्ने विशाल बजगाईले काठमाण्डौ विश्वविद्यालयका तर्फबाट अल्बानियामा हुने Jean Pictet Competition मा भाग लिनका लागि सहयोग माग गरेको हुँदा निजलाई रु. २०,०००। सहयोग गर्ने ।

२३. यस नगरपालिकाको चालु आ.व. २०७८।०७९ का लागि स्वीकृत जनजाती तर्फको रु. १०,००,०००। र दलीत तर्फको रु. १०,००,०००। बाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

जनजाती उत्थान कार्यक्रम तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | हलुका सवारी चालन तालिम | ५,००,०००। | |
| २ | पशुपंछी प्रशिक्षण तालिम | १,२५,०००। | |
| ३ | सिलाई मेशिन वितरण | ३,७५,०००। | |

दलित उत्थान कार्यक्रम तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | कपडा सिलाउने मेशिन वितरण | ५,००,०००। | |
| २ | बिउबिजन वितरण | १,५०,०००। | |

| क्र.सं. | कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ३ | ड्रिल मेशिन वितरण | १,५०,०००। | |
| ४ | हलुका सवारी चालन तालिम | २,००,०००। | |

२४. यस नगरपालिकाको चालु आ.व. २०७८।०७९ का लागि सिंचाई तर्फ विनियोजित रकमबाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | तल्लो गिरी गाउँ ठाडोबाटो बेमौसमी तरकारी खेती | २ | ९०,०००। |
| २ | पोलिथिन पाइप काके माझकुलो योजना | ३ | ५०,०००। |
| ३ | पहरे बाँध सिंचाई कुलो निर्माण | ४ | ९०,०००। |
| ४ | आइतबारे खोल्साको पानी सिंचाइका लागि पाइप व्यवस्था | ३ | ३०,०००। |
| ५ | मूलदह संरक्षण सिंचाई गर्नका लागि कार्यक्रम | ३ | ३,००,०००। |
| ६ | मगर गाउँमा सिंचाइको लागि पानी तान्ने पम्प | ९ | ४०,०००। |

२५. काभ्रे जेसिज भवन मर्मत सम्भार कार्यका लागि रु. ३,००,०००। र धनेश्वर पुल निर्माणका लागि थप रु. ३,००,०००। उपयुक्त शीर्षकबाट व्यहोर्ने गरी योजना कार्यान्वयन गर्ने र राष्ट्रिय तेक्वान्दो आइटिएफ प्रतियोगिताका लागि थप रु. १,००,०००। युवा तथा खेलकुद तर्फका शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

२६. तपसिल वमोजिमका योजनाहरुको वजेटका लागि जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने र वनेपा नगरपालिकावाट राख्नु पर्ने ५० प्रतिशत लागत सहभागिताको रकमको प्रतिवद्धता पत्र जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | शिर्षक | कुल लागत अनुमान | जिल्ला स. समिति | वनेपा न.पा. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३ नं. वडा कार्यालय भवन निर्माण | वडा कार्यालय भवन निमार्ण | ५० लाख | २५ लाख | २५ लाख | |
| २ | ६ नं. वडाको पानी टयांकी निर्माण | खानेपानी योजना | १० लाख | ५ लाख | ५ लाख | |
| ३ | ११ नं. वडा सिनागाल खानेपानीको व्यवस्थापन | खानेपानी योजना | ३० लाख | १५ लाख | १५ लाख | |

२७. बनेपा नगरपालिका वडा नं. ८ ज्ञानकुन्ज विद्यालय पछाडी पुण्यमाता नदीले गरेको कटान नियन्त्रण गरिदिन भनि बनेपा न्युकोलोनी टोलसुधार समितिबाट आएको प्रतिनिधि मण्डलले माग गरेका सम्बन्धमा छलफल गर्दा यस नगर कार्यपालिकाको मिति २०७८।१०।९ मा बसेको बैठकको निर्णय नं. १ को खण्ड (क) बाट कटाइएका/संसोधन गरी रकमान्तर गरिएका शीर्षकहरु मध्ये उपयुक्त शीर्षकबाट व्यहोर्ने गरी उक्त नदी कटान नियन्त्रणका लागि प्राविधिकबाट भएको स्टिमेट बमोजिमको रकम रु. ७ लाख विनियोजन गर्ने निर्णय गरियो ।

२८. देहाय बमोजिमका मन्दिर पुन:निर्माण/जीर्णोद्वारका लागि यस अगाडी विनियोजन गरिएको रकमबाट निर्माण कार्य गर्न पुरा गर्न नसकिने भनि माग भएकाले देहाय बमोजिम थप रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना/कार्यक्रमको नाम | थप गरिने रकम | शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | तलापुख गणेश मन्दिर, बनेपा-८ | ७,००,०००। | संस्कृति संरक्षण | |
| २ | थाछु गणेश मन्दिर, बनेपा-७ | २,००,०००। | संस्कृति संरक्षण | |

२९. बनेपा नगरपालिका अन्तर्गतका वडा नं. ४,५,१०,११ र १३ ले बालमैत्री वडा घोषणाका लागि निर्धारित सूचकहरु पुरा गरेकाले उल्लेखित वडाहरुलाई प्रोत्साहन स्वरुप रु. ३० हजार नगद सहित प्रसंशापत्रले सम्मानित गर्ने र बनेपा नगरपालिकाले बालमैत्री नगर घोषणा तयारीका क्रममा समग्रमा ७५ प्रतिशत भन्दा बढि सूचकहरु पुरा गरेको हुँदा आगामी नगरपालिका स्थापना दिवसका अवसरमा बनेपालाई बालमैत्री उन्मुख नगर घोषणा गर्ने निर्णय गरियो ।

३०. चण्डेश्वरी वन उपभोक्ता समितिको मिति २०७८।११।२ को पत्रबाट उक्त समिति अन्तर्गतका वनहेरालुका लागि विनियोजित रकम अपुग भएकाले थप रकम व्यवस्था गरिदिन भनि माग गरेका सम्बन्धमा छलफल गर्दा उक्त समिति मार्फत वनहेरालुलाई उपलब्ध गराउने गरी मिति २०७८ चैत्र १ गतेबाट लागु हुने गरी माशिक रु. ५,०००। वन वातावरण शीर्षकबाट उक्त समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

३१. बनेपा नगरपालिका वडा नं. ३, स्थित पेवागौंडा थुमाचौर सडकमा पर्खाल (वाल) निर्माण गर्न रु. ५ लाख उपयुक्त शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

३२. काभ्रे जेसिजको आयोजना र काभ्रे महिला जेसिजको आतिथ्यतामा हुने क्षेत्र ग अन्तर्गतको वर्ष २०२२ अध्यक्ष भेला कार्यक्रमका लागि रु. ५० हजार उपयुक्त शीर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

३३. यस नगरपालिकाबाट गत आ.व. २०७७।०७८ मा स्वीकृत भई कार्यान्वयनमा रहेका तपसिल बमोजिमका योजना सम्पन्न भएको भनि सम्बन्धित वडाबाट सिफारिस प्राप्त भएकाले भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | भुक्तानी दिनुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | सिनागाल सिंचाइ बनेपा- ११ | २,००,०००। | |

प्रमुख प्रशासकीय अधिकृत

| क.सं. | योजनाको नाम | भुक्तानी दिनुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| २ | अपाङ्ग अस्पताल-वडा कार्यालय मोटर बाटो स्तरोन्नती, बनेपा- ११ | ३,००,०००। | |
| ३ | तुल्टी ठुलोखेत मोटरबाटो, बनेपा- ११ | १,००,०००। | |